# भूमिका

झण्डै दुई दशकयता जैविक विविधताका विषयमा चासो र चर्चा विश्वव्यापीरूपमा बढेको छ। सन् १९९२ मा आयोजित पृथ्वी शिखर सम्मेलनदेखि नै जैविक विविधताको संरक्षण, जैविक स्रोतहरूको दिगो उपयोग र आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभहरूको समन्यायिक बाँडफाँटबारे विश्वस्तरमै व्यापक गतिविधि सञ्चालन भएका छन्। यसका साथै विश्व पूँजीवादको विकास र विस्तारसँगै जैविक विविधता संरक्षण, उपयोग तथा लाभको बाँडफाँटका विषय थप जटिल र पेचिलो पनि बन्दै गइरहेका छन्।

नेपाल जैविक स्रोतमा धनी भएर पनि यी स्रोतको दिगो उपयोग गर्ने स्थितिमा पुग्न धेरै बाँकी छ। यस्तो अवस्थामा भएका स्रोतको संरक्षण गर्ने र यसबाट स्थानीय जनता, आदिवासी जनजाति तथा राष्ट्रकै समेत हितरक्षार्थ गम्भीर प्रयास आवश्यक छ। जैविक विविधताका सन्दर्भमा थुप्रै गैरसरकारी संस्था तथा राज्यस्तरका विभिन्न विभाग र निकाय सक्रिय रूपले लागे पनि आम जनसमुदायलगायत बौद्धिक वर्ग, विद्यार्थी, विकासे कार्यकर्ता, संरक्षणका क्षेत्रमा कार्यरत् व्यक्ति पनि अझसम्म कुहिरोको काग जस्तै भइरहेको स्थिति छ। अहिलेसम्म जैविक विविधता संरक्षण तथा उपयोगमा नेपालमा हासिल सिकाइ

पनि छरपष्ट छन् र कतिपय अवस्थामा दातृसंस्थालाई बुझाउने प्रतिवेदनका रूपमा वा सम्बन्धित संस्थाको दराजमा थन्किएका छन् ।

यसै सन्दर्भमा यस पुस्तक तयार गर्ने जमर्को गरिएको हो । यहाँ १९ लेख समावेश छन् । विषयगतरूपमा विद्वता भएका 'ठूला' व्यक्तिसम्म पनि लेखको अनुरोध गर्दै हामी पुग्यौँ । कोहीकोही 'ठूला' हरू 'व्यस्त' भएको पायौँ भने अरू केही नेपालीमा लेख्न नजान्ने तथा नेपालीमा लेख्न *इन्टरेस्ट* नभएको भन्ने जानकारी पनि आयो । तर यस प्रयासबाट जैविक विविधता संरक्षणमा अभिरुचि हुने विद्वत् वर्ग, संरक्षणमा संलग्न तथा ग्रामीण विकासलगायतका क्षेत्रमा कार्यरत् व्यक्ति तथा विद्यार्थी वर्गलाई यो पुस्तक निकै उपयोगी होला भन्ने आशासहित तयार पारिएको छ ।

हुन त नेपालमा साहित्यइतरका विषयमा नेपाली भाषामा पाठ्यपुस्तकबाहेक कमै मात्र पुस्तक प्रकाशित हुने गरेका छन् । तर पनि केही वर्षयता 'प्राविधिक' भनिने विषयमा पनि नेपाली भाषामा लेखनकार्य बढ्दै गरेकोबाट पनि हामी हौसिएका हौँ । मार्टिन चौतारीबाट विभिन्न विषयमा प्रकाशित अध्ययन सामग्रीहरूको स्रोत सँगालो वा रीडर्सको शृङ्खलाअन्तर्गत यो अर्को प्रयास हो । यसले जैविक विविधताका समकालीन बहस तथा चुनौती र नेपालमा हालसम्म प्राप्त व्यावहारिक अनुभव समेटेको छ ।

वास्तवमा 'जैविक विविधता' विषयमा नेपाली भाषाको र समसामयिक विषयवस्तु समेटेको पुस्तकको आवश्यकता खड्किएको थियो । जैविक विविधता अहिले 'जनचासो' को विषय भएकाले यसका सरोकारवाला (मुख्यतः किसान, आदिवासी, स्थानीय बासिन्दा आदि) ले समेत प्रयोग गर्न सक्ने पुस्तक वा स्रोत-सँगालोको आवश्यकता औँल्याइएको थियो, जसले गर्दा यससम्बन्धी सवाल बुझाउँदै जैविक विविधतामा आधारित बहस अगाडि बढाउन सकियोस् । यो आवश्यकता पनि दृष्टिगत गरेर यो पुस्तक तयार पारिएको हो ।

यस पुस्तकमा विशेषतः जैविक विविधतासँग सम्बन्धित सामाजिक, आर्थिक तथा राजनीतिक सवाललाई विशेष ध्यान दिइएको छ । प्राविधिक विषयमा बढी ध्यान केन्द्रित भएको विद्यमान अवस्थामा यस पुस्तकमा सङ्ग्रहित लेख बढी रुचिकर हुनेछन् भन्ने हामीले आशा गरेका छौँ ।

यस पुस्तकमा नयाँ लेख दिने तथा सम्पादकका सुझावलाई ध्यान दिई लेखलाई पुनर्लेखनसमेत गर्ने सबै लेखक धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरूले यस पुस्तकका लागि भनेरै नयाँ लेख लेख्नुभएको हो र पटकपटक सम्पादकका सुझावलाई समेत ध्यान दिई पुनर्लेखन गर्नुभएको हो ।

पुस्तक तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक कृतज्ञ छौं । ले-आउट तथा कभर डिजाइन गर्नुहुने किशोर प्रधान, पुस्तक पढी सुझाव दिनुका साथै भाषागत त्रुटिसमेत हेरिदिनुहुने शेखर पराजुली, अनुभव अजित, भास्कर गौतम र रघुनाथ लामिछाने, देवराज हुमागाईं, प्रकाशनसम्बन्धी प्रशासकीय कार्यमा सहयोग गर्नुहुने विवेक शाह, पुस्तकमा चाख राखेर प्रकाशन गर्न हौसला दिनुभएका प्रत्यूष वन्त र सेरा तामाङलाई धन्यवाद ।

**हरिप्रसाद ढुङ्गाना**
**शरद घिमिरे**
**जगन्नाथ अधिकारी**